नेपाल सरकार

गृह-मन्त्रालय

# लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङ ।

## प्रहरी कल्याण कोषको सपिङ कम्प्लेक्स भवन बहालमा दिने सम्बन्धी बोलपत्र सूचना

प्रथम पटक प्रकाशित मिति २०७७।०७।२८ गते शुक्रवार

जिल्ला बाँके नेपालगंज स्थित कर्णाली प्रदेश दंगा नियन्त्रण प्रहरी गणको कम्पाउण्ड अगाडी नेपालगंज सुर्खेतरोडको छेउमा अवस्थित सटरहरु रहेको प्रहरी कल्याण कोषको सपिङ् कम्प्लेक्स भवन बढावढबाट मिति २०७७।१०।०१ गते देखि लागु हुने गरी बहालमा दिनु पर्ने भएकोले तपशिल बमोजिमको शर्त अनुसार ३० (तिस) दिने सूचना प्रकाशित गरिएको हुदाँ ईच्छुक नेपाली नागरिक, संघ-सस्थाहरुले बोलपत्र निम्न स्थानहरुबाट बोलपत्र फाराम लिन सकिनेछ । थप जानकारीको लागि निम्न कार्यालयहरुमा सम्पर्क राख्न हुन समेत अनुरोध गरिएको छ ।

**निम्न:**

- ✓ लुम्बिनी प्रदेश प्रहरी कार्यालय, तुलसीपुर, दाङ सम्पर्क नम्बर :- ०८३-५२३४१०
- ✓ जिल्ला प्रहरी कार्यालय नेपालगंज बाँके सम्पर्क नम्बर ०८१-५२०२११

**तपशिल :-**

१. सपिङ् कम्प्लेक्स भवन भाडा प्रस्ताब सम्बन्धी कागजात लुम्बिनी प्रदेश प्रहरी कार्यालय तुलसीपुर दाङ र जिल्ला प्रहरी कार्यालय नेपालगंज बाँकेबाट दस्तुर रु.१,०००।– मा फिर्ता नहुने गरी प्राप्त गर्न सकिनेछ।

२. शिलवन्दी बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ३० औं दिन अर्थात मिति२०७७।०८।२८ गते कार्यालय समय सम्म फाराम खरिद गरी मिति २०७७।०८।२९ गते १२:०० बजे भित्र लुम्बिनी प्रदेश प्रहरी कार्यालय तुलसीपुर दाङमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका शिलवन्दी बोलपत्र फाराम मिति २०७७।०८।२९ गते १४:०० बजे लुम्बिनी प्रदेश प्रहरी कल्याण कोष संचालक समितिको रोहबरमा लुम्बिनी प्रदेश प्रहरी कार्यालय तुलसीपुर दाङमा खोलिने छ ।

३. सपिङ् कम्प्लेक्स भवन वहाल प्रस्ताव साथ आफुले भाडामा लिनका लागि प्रस्ताव गरेको मासिक भाडाको आधारमा हुने एकमुष्ट वार्षिक भाडा रकमको ३% ले हुन आउने रकम बराबरको वाणिज्य बैंकले लुम्बिनी प्रदेश प्रहरी कल्याण कोष दाङको नाममा जारी गरेको बोलपत्र जमानत शिलवन्दी बोलपत्र साथ पेश गर्नु पर्ने छ । कम्तीमा ९० दिन म्याद भएको बैंक जमानतको सक्कलै प्रति पेश गर्नु पर्ने छ ।

४. बोलपत्र फाराम खरिद गर्न आउँदा व्यक्तिले नागरिकता प्रमाणपत्रको फोटोकपी र संघ-संस्थाले प्रमाण खुल्ने अन्य कागजातहरु पेश गर्नु पर्नेछ ।

५. सपिङ् कम्प्लेक्स भवन भाडामा लिने प्रयोजनको लागि सम्पुर्ण सटर कोठाहरु पुर्ण रुपमा एकै जनाले लिने गरी प्रस्ताब पेश गर्नु पर्नेछ ।

६. बहालमा दिने/नदिने सम्पुर्ण अधिकार लुम्बिनी प्रदेश प्रहरी कल्याण कोष संचालक समितिमा रहनेछ र हाल कायम गरिएको सुरु भाडादर भन्दा कम कबोल गरेमा बोलपत्र रद्द गरी पुनःबोलपत्र आव्हान गर्न सकिनेछ ।

७. रितपुर्वक प्राप्त नभएको प्रस्ताव उपर कुनै कारवाही हुने छैन ।

अध्यक्ष

(रविन्द्र बहादुर धानुक)

प्रहरी नायव महानिरीक्षक

लुम्बिनी प्रदेश प्रहरी कल्याण कोष दाङ